# १९. श्री राजेश्वर देवकोटा

*[संवत् २०४५ साल आश्विन २८ गते रोज ६ का दिन आयोजित समारोहमा 'उत्सर्ग' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४४ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री राजेश्वर देवकोटाले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार नेपाली त्रैमासिक अङ्क ११६ बाट उद्धृत गरिएको हो।]*

सम्माननीय प्रधानमन्त्रीज्यू, गुठीका अध्यक्ष एवं सदस्यहरू, उपस्थित महिला तथा सज्जनवृन्द !

साहित्य के हो ? यो प्रश्न सदा विद्यमान छ, सम्भवतः अन्त्यसम्म अनुत्तरित नै रहन्छ। अनेकले परिभाषा गरे तर कसैले मनाउन सकेन। अन्तहीन विधालाई वृत्तमा पार्ने यो वृथा प्रयास अन्तसम्म रहिरहने छ। तैपनि देश र कालबाट प्रेरित भएर मनुष्यले केही भनिरहन पर्ने नै हुन्छ।

मनुष्यले आफ्नो उत्पत्ति र विकासको साथसाथै आफ्नो हृदयको अनुभूति प्रकट गर्ने विधाहरूको स्वाभाविक रूपले अवलम्बन गरिआएको छ, सभ्यताको विकासको एक तहमा आइपुगेपछि सम्भवतः अस्वाभाविक अर्थात् अरू आर्जित वृत्ति जस्तै मनुष्यले साहित्य के हो भनेर विवाद उपस्थित गऱ्यो– साहित्यलाई नियमित र परिभाषित गर्ने विधान खडा गरिदियो। तर त्यस विधानलाई कसैले टेरेको छैन, साहित्यको स्वच्छन्द र अनवरत सृष्टि भइरहेको छ– विधान पनि त्यसलाई आफूभित्र समाहित गर्न पछि लागिरहको छ। स्वच्छन्दताका पछाडि सभ्यताको बन्धन मनुष्य जीवनका अरू वृत्तिमा उद्यत रहे जस्तै साहित्यमा पनि भइरहेकै छ।

आजसम्म कुन शास्त्रीय विद्वान्‌ले र वितण्डावादीहरूले के के भने त्यसको मण्डन र खण्डन गर्ने मेरो अभिप्राय छैन, सम्भवतः सामर्थ्य छैन। साहित्यलाई यसै शताब्दीमा आएका दुइटा हाँकको भने चर्चा गर्न चाहन्छु यद्यपि ती हाँकहरू स्वयं पराजित भइसकेका छन्। एक– विज्ञानले आफ्ना उपकरणले साहित्यलाई पनि नाप्ने प्रयास गऱ्यो तर साहित्य उसको पहुँचको भित्र नै परेन। दोस्रो– भौतिकवादीहरूले साहित्यको उपयोगितालाई अस्वीकार गरे तर सकेनन्।

भौतिकवाद र भौतिक विकासले साहित्यको उपयोगिता खोज्ने र विश्लेषण गर्ने धृष्टता गर्दा आफै स्वयं लज्जित भएको छ। चन्द्रमामा मान्छे पुगेर चन्द्रमाको सौन्दर्य त मान्छेले भेटेन, उसले यहींबाट भेट्ने चन्द्रमाको उज्यालो पनि त स्वयं सौन्दर्य होइन– त्यसप्रतिको मनुष्यको अभिव्यक्ति पो त सौन्दर्य हो। यसप्रकार मनुष्यको अनुभूति प्रकट गर्ने विधाहरू साहित्य, सङ्गीत र कला हुन्। यस न्यूनतम मात्रासम्म सबै नै सहमत भइरहेकै छन्– यसभन्दा अधिक साहित्यको विषयमा बोलेर सबैलाई बुझाउन कसैले सकेको छैन।

साहित्यको शाश्वत पक्ष हुन्छ तापनि देश र कालको विशेष आवरण साहित्यमा परिहाल्छ। त्यसमा पनि उपन्यास विधा त यसै विशेष प्रयोजनका लागि अपनाइन्छ। साहित्यका विधाहरूमा अपेक्षाकृत उपन्यास पछिल्लो हो। कल्पनाभन्दा यथार्थको चित्रण आधुनिक साहित्यको विशेषता हो र यथार्थ चित्रणको लागि यो विधा सरल र उपयुक्त अनुभव भयो। कविता र नाटकहरूमा चाहिने शिल्पकारिता सबै भावुकमा नहुन सक्छ, भए पनि त्यसमा अलमलिन नचाहनेहरूले उपन्यास विधा अपनाए।

साहित्य देशकालको प्रभावबाट मुक्त रहन नसक्ने अवस्थाको सिर्जना भई नै रहेको छ– समाजमा केही विकास भएको छ, केही ह्रास भएको छ। तर निराशावाद विकास र ह्रास दुवैमा सरोबर छ। यो कसरी भयो ? स्पष्ट नै छ। भौतिक विकास धेरै भयो– त्यसै अनुपातमा असन्तुलन र असमानता बढ्यो, त्याग र सङ्घर्षको भावना लोप हुँदै गयो, आकाङ्क्षा सबैमा समान रूपले जागृत भयो। विकासले स्वयं यसका उपभोक्तालाई सन्तोष दिन सकेन भने विभिन्न ऐतिहासिक परिस्थितिले विकासबाट पराङ्मुख भएकाहरूले आकाङ्क्षा भने उत्तिकै बढाउन सिके। यही विषमता वा असन्तुलनले आजको समाज आक्रान्त छ, क्रान्तिकारी चिन्तनहरूबाट विमुख भएर मान्छे निराशावादी हुन पुगेको छ। यसलाई म विकृति मान्दछु जो साहित्यमा पनि देखापर्दछ। म साहित्यमा निराशावादलाई स्थान दिन चाहन्नँ। निराशा करुणा, व्यथा र वियोग के हो ? जसको जीवनसित केही सम्बन्ध नै छैन। जीवन त आशा, उत्साह, प्रेम र उत्सर्ग हो। निराशावाद त्याग र क्रान्तिका लागि मान्छेलाई प्रवृत्त गराउन सक्तैन। निराशावादबाट पनि उत्तम साहित्यरसको सृष्टि हुन सक्छ भनेर कसैले हठ गर्न सक्छ। हठीहरूलाई पनि त्यत्तिकै स्वतन्त्रता छ जति साहित्यप्रतिको आफ्नो दर्शन भन्ने मलाई स्वतन्त्रता छ। को आफ्नो कुरा सुनाउन समर्थ हुन्छ त्यो द्वन्द्व समाजमा परिपाक नै हुँदै जाओस्, त्यो मासियोस् भन्ने पक्षको होइन म। म आफ्नो दर्शनको पुनरावृत्ति गरी नै रहन्छु– जे जति लेखिरहूँ।

राम र रावण एउटै मान्छे हो, ती बाल्मीकि हुन्। मुना र मदन दुवै लक्ष्मीप्रसाद हुन्। सिद्ध कलाकारहरू आफ्ना कल्पनाका चरित्रको पक्षविपक्षमा हामी

गँवारहरूलाई विभाजित गरिदिन्छन् । त्यति ज्ञान नभएका हामी गँवार नै हौं त ? होइनौं । कलाकारको सामर्थ्यलाई स्वीकार गर्ने हृदय भएका हामी भावुक प्राणी हौं । भौतिकवादीहरू सिद्धान्तलाई अँगालेर निष्ठुरी हुन चाहन्छन्, तिनको न रामप्रति श्रद्धा जाग्ने हुन्छ, न त रावणप्रति नै क्रोध । तर भौतिकवादीहरू सिद्धान्तले भौतिकवादी भए पनि प्राथमिक रूपले त मनुष्य नै हुन्– तिनको सिद्धान्त थाती बस्छ, कलाकारको पछि पग्लिहइहाल्छन् । त्यस्तो कला या साहित्य के हो त ? यथार्थ हो ? सही बोध गराउँछ ? यथार्थ होइन ? सही बोध गराउँदैन ? मनको कुरा जान्ने मसिन बनिसकेको छ तापनि कला साहित्य केहो के होइन खुट्टिन कदापि नै सक्ला । अधिकमा एउटा साहित्यकारले आफ्नो जीवनदर्शनको परिचय दिनेसम्म त हो ।

२००७ सालपछि नेपालमा उसै प्रवाहमा साहित्यको विकास भएको छैन, नेपाली साहित्य केही पात्तिएको छ भन्ने आरोप छ । हो, लेखन स्वतन्त्रताले केही स्वच्छन्दताको रूप लियो । हृदयपक्ष भएको साहित्यलाई जनपक्षीय र बुर्जुवामा विभाजित गर्ने वितण्डाको एक लहर चल्यो । रामायण पढेर धनी गरीब सबैलाई एउटै प्रभाव पर्छ । को बुर्जुवा को प्रोलितारिएत । शाश्वत पक्षलाई आफ्नो अनुकूल चलाउने प्रयास गर्नेहरू समय-समयमा देखिइरहन्छन् । या देखिन्छन्– बिलाउँदै छन् तर केही विकृति समाजमा छोडिदिइहाल्छन् । स्वच्छन्द भएर छट्टाउँदा छट्टाउँदा एउटा नेपालीले त बुद्धलाई नपुंसक भनेर पनि कविता लेखेछ । साहित्यिक अनुशासन भनेको एउटा मर्यादा हो जुन अनुशासन लेखकले नै पालन गर्नुपर्छ । साहित्यिक अनुशासनहीनताले समाजमा ल्याउने विकृतिले हामी दुष्प्रभावित भएका छैनौं भन्ने होइन । जातीय संस्कारसित नमिल्ने र दुर्गम्यलाई नयाँ प्रयोग भनेर मान्यता दिने उत्साह ठूला र जिम्मेदार संस्थाहरूले पनि देखाएका छन् । साहित्यको विद्रोह वा क्रान्ति रूढि र विषमतासित हुनुपर्ने कि आफ्नै संस्कारसित ? राष्ट्र, जाति, भाषा र संस्कारभन्दा माथि उठिसकेकाहरूले यी सबैसित विद्रोह गर्न सक्छन्, तर म तलै छु, सक्तिनँ । साहित्यको शाश्वत पक्ष राष्ट्र, जाति भाषा र संस्कारको परिधिभित्र बाँधिदैन तर हाम्रो संस्कृतिको पनि त्यत्ति नै शाश्वत पक्ष छ जसलाई हाम्रो साहित्यले मर्यादा गर्नुपर्छ– यसैलाई म देशकाल भन्छु ।

मलाई मदन पुरस्कार प्राप्त भयो– गौरव अनुभव गर्छु । मदन पुरस्कार विशेषणभन्दा माथि र तुलनाभन्दा पर भइसकेको छ, यो मदन पुरस्कार जस्तै छ । भाषा र साहित्यको उत्थानमा यसको स्थापनाले अद्वितीय काम गरेको छ । म धेरै पालि मदन पुरस्कार गुठीको कार्यालयमा पसेको छु, साहित्यिक कृतिको सङ्कलन र अनुसन्धानमा भइरहेका कामको विषयमा केही बुझ्न सकेको छु, पुरस्कार वितरण समारोहहरूमा वक्ताको रूपमा, साधारण निम्तालुको रूपमा भाग लिन अवसर पाइरहेको हुँ– सधैं रमाइलो लाग्थ्यो तर आज अलिकति भारी अनुभव भइरहेछ । पुरस्कृत व्यक्तिले पुरस्कारको मर्यादा सदा राखिरहनुपर्ने एक गुरुतर अभिभारा म माथि

थपिएको छ। पुरस्कार एक सम्मान हो– सम्मान पाएपछि सम्मानको मर्यादा राख्न सक्नु नै पर्छ।

यस पुरस्कारकी संस्थापिकाको स्वर्गवास भएको छ, भाषा र साहित्यको उत्थानमा र साहित्यकारको सम्मानमा स्वर्गीय जगदम्बाको दान चिरस्मरणीय उत्तम दान सिद्ध भएको छ। किनकि दानले प्रतिष्ठा प्राप्त गऱ्यो। उहाँ दात्री हुनुहुन्थ्यो, उहाँले सत्कार्यमै आफ्नो संपद् खर्च गर्नुहुन्थ्यो होला, सत्कार्यका क्षेत्र धेरैधेरै थिए तर साहित्यको फाँटमा यस दानको कुलो चलाइदिने काममा भने तीन पुस्ता साहित्य सेवामा रत मणिपरिवार को तपोवल खर्च भएको छ। कुनै नक्षत्रमा सिपीमा परेको पानी मोती हुन्छ– हो रहेछ– कैयौं धन अन्यत्र बर्सियो होला तर यहाँ जति चम्किएन कि। दान पात्रमा पर्नुपर्छ भनेर भनिएको पनि छ।

मदन पुरस्कार गुठीको यस वर्ष मैले धेरै प्रशंसा गर्न मिलेन– अहो रूपमहोध्वनि हुन्छ। कालोऽह्यं निरवधि विर्पुला च पृथ्वी– उसका कार्यको बखान भई नै रहने छ। 'जगदम्बा-श्री' पुरस्कारको स्थापना गरेर गुठीले आफूमा नै एक श्री थपेको छ।

उद्‌बाहुरिव वामनः। यो स्वयं उक्तिकारलाई त लागेन, बाँकीलाई लाग्छ। त्यो मेरो उद्‌बाहु गराउनमा प्रेमले सहयोग गर्नेहरूलाई चर्चाले अर्चना गर्नुपरेको छ– जनकलाल शर्मा सधैं भनिरहनुहुने– आज केकति लेख्नुभयो? त्रिपाठी नामसार्थक कवि, लेखक र आलोचक डा. वासुदेव सम्झाइरहनुहुने– लेखेर राखिरहने होइन, छाप्नु पनि पऱ्यो। कौवा प्रकाशनका वासुदेवजी जिस्क्याइरहनुहुन्छ– जीवनी कहाँ पुग्यो? उहाँको वक्रोक्ति मैले बुझेको छु।

जीवनी समस्यापूर्तिबाट समस्यापूर्तिमा– त्यहाँबाट टाढा गएको छैन। पाठशालामा पढ्दा कविताको समस्यापुर्ति गर्ने एक ढर्रा थियो, राष्ट्रिय जागृतिको समय थियो, ढोका थुनेर शहीदको कुरा गर्नुपर्ने वेला। लेखनाथ, सम र लक्ष्मीप्रसादको उत्कर्षको पछि-पछि अरू निकै कवि लेखकहरू यात्रा गरिरहेका थिए- जाने ठाउँ नै कहाँ थियो- कि चाकडी कि किताब कलम। चाकडीबाजहरूको दर्जा उपल्लो थियो र ती सभ्यमा दरिन्थे। चाकडी के हो भनेर जान्ने ठूलो उत्सुकता थियो, बहादुर-भवनको पर्खाल आठ हात जति अल्को थियो, पेटी डेढ हात जति चौडा थियो- त्यसै पेटीबाट एक धार्नीको वैयाकरण सिद्धान्त कौमुदी बोकेर रानीपोखरी पाठशालातिर जाँदै थिएँ, बहादुर -भवनको ढोकाबाट एउटा अल्को घोडा चढेको खाइहाल्दो वृषभस्कन्ध निस्कियो। त्यसपछि अल्लि कम मोटा, अल्लि कम हुँदै चाउरे च्याँसे र लुतुरेहरूको हूल निस्कियो- घोडा साइकल पैदल। पैदल हिँड्ने लुतुरेहरू घोडासँगै दौडिए- वृषभस्कन्धले तीतिर हेरेको पनि होइन, लुतुरेहरूले उसलाई हेर्न छाडेको पनि होइन। यो के हो भनेर सोढा चाकडी त्यही रहेछ भन्ने थाहा पाएँ। काठमाडौंमा जता हेऱ्यो उतै आठ हात अल्का पर्खाल-केशर महल र बहादुर भवनको बीचको बाटो दिउँसै अँध्यारो र डरलाग्दो

रातभर चोरेर दिनभर साँढे उग्राउने ठाउँ। डरले दौडिएर पाणिनिका सुत्र कराउँदै बाटो काट्थें- ती लक्ष्मीप्रसादका अनड्हहरू कान पनि फर्काउन्नथे। पर्खालभित्र बाहिर उनै अनड्ह जसले पाणिनिका सुत्र नै बुझ्दैन। समस्यापूर्तितिर लाग्नुबाहेक अर्को जाने ठाउँ न नाचघर छ, न वाचनालय। हरेक छाक खानुभन्दा पहिले १७ भाइको जय मनाउनु पर्ने, एक पैसा दैनिक दक्षिणा पनि पाइन्थ्यो। त्यो एकेक पैसा सङ्कलन गरेर हामीले वाचनालय खोल्यौं, महाराज पद्मशमशेरबाट आफ्नो जय मनाई खानेहरूलाई 'नर्सीङ्भगत' भन्ने धार्मिक सिनेमा हेर्न निगाह भयो- सिंहदरबारभित्र नाचघर रहेछ ! त्यहाँ राधेश्यामको जुलुस निकालिएको एक दृश्य थियो, त्यस दृश्यले 'जयतु संस्कृतम्' को जुलूस निकाल्ने तरिका सिकायो।

उद्बोधनको यस कालमा साहित्य पढ्ने जुन चाख थियो, साहित्यप्रति जुन समर्पण थियो, त्यो उत्तरोत्तर 'घट्यो- अहिले त दैनिक समस्यापूर्तिका थकाइबाट लखेटिएको मान्छेले लेख्न नै के सक्छ, केवल जीवनका त्रुटी पेश गरेको हुँ। तर सधैं आशा गरिरहन चाहन्छु; भोलि उज्यालो उज्यालो ने हुँदै जानेछ।

यसका अतिरिक्त अन्त्यमा मलाई यत्ति भन्नु छ– जसरी मलाई यो पुरस्कारको रकम हस्तान्तरण गरियो म पनि यस अवसरमा मैले पाएको यो रकम यस्तै सत्कार्य सदुपयोग गर्नेछु भनी यो विद्वद् सभालाई सुनाउन चाहन्छु।

धन्यवाद !

☒ ☒ ☒